# ७ पावलको प्रथम सुसमाचारीय यात्रा

*__यस अध्यायका मूल पदहरू:__* प्रेरित १३, २ कोरन्थी ४:७-१०, रोमी १०:१-४, रोमी ३:१९, प्रेरित १४:१-२६ र रोमी ९-११।

*__यस अध्यायको मूल सार पद:__* **"त्यसकारण हे मित्रहरू हो, यो तपाईंहरूले थाहा पाएको म चाहन्छु कि येशू ख्रीष्टद्वारा नै तपाईंहरूको पाप क्षमा भएको घोषणा गरिएको छ। उहाँद्वारा नै प्रत्येक मानिस जसले उहाँलाई विश्वास गर्छ त्यसलाई प्रत्येक पापबाट छुटकारा गरिएको छ। मोशाको बिधिबिधानहरू पालन गरेर तपाईंहरूले परमेश्वरको सामु निर्दोष हुन असमर्थ हुनुभएको थियो।"-प्रेरित १३:३८,३९ रूपान्तरित।**

चाहे यहूदी होस् वा गैर यहूदी अर्थात अन्य जातिहरू होस्, सबैले येशूद्वारा मुक्ति पाइन्छ भन्ने सुसमाचार सुन्नुपर्दछ। यहूदीहरूमात्र परमेश्वरको प्रिय पात्र हुन् अरूहरू तिरस्कृत जाति हुन् भन्ने मनिस्थितिमा लागेका सुरूका यहूदी इसाईहरूले सो कुरा बिस्तारै बुझ्न थालेका थिए।

धेरै अयहूदीहरू वा अन्य जातिहरू पनि येशूमाथिको विश्वासमा सरिक भएका थिए भन्ने प्रथम् स्पष्ट विवरण एन्टिओखिया प्रान्तमा भएको क्रियाकलापले बताउँछ। अर्को शब्दमा भन्ने हो भने प्रथम अन्य जातिहरूको चर्च एन्टिओखियामा स्थापना भएको थियो। त्यस क्षेत्रमा येशूलाई विश्वास गर्ने धेरै यहूदीहरू पनि थिए (गलाती २:११-१३)। येशूलाई विश्वास गर्ने जोशिला चेलाहरू र बर्नावास र पावलको उपस्थितिले उक्त क्षेत्रमा येशूको बारेमा द्रुत गतिले प्रचार भएको थियो। यहूदिया वा यरुशलेमभन्दा बाहिर सुसमाचार प्रचार गर्ने प्रथम महत्त्वपूर्ण केन्द्र एन्टिओखिया बनेको थियो। साँच्चै भनौं भने इस्रायली देशमा भन्दा एन्टिओखियामा येशूलाई विश्वास गर्नेहरूको संख्या धेरै भएको थियो।

यरुशलेम प्रेरितहरूका जम्मा हुने थलो भएतापनि सुसमाचार सुनाउने प्रथम इसाई निकायको जन्मस्थल एन्टिओखिया भएको थियो। यहीँबाट नै र स्थानीय चर्चका विश्वासीहरूको सुरूको सहयोगले पावल तिनै पटक अन्य ठाउँ वा विदेशमा सुसमाचार सुनाउने यात्रामा संलग्न हुन सकेका थिए। एन्टिओखियाका विश्वासहरूको समर्पणता र अरूले पनि सुसमाचार सुन्नुपर्छ भन्ने

प्रतिवद्धताले गर्दा सारा संसारमा सुसमाचार सुनाउनुपर्ने येशूको आशय पूरा हुन थालेको थियो। यहींबाट नै इसाई एक विश्वव्यापी आस्था वा धर्मको सुरूवात भयो जुन प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसको लागि (प्रकाश १४:६) परमेश्वरको प्रेमको आत्मज्ञान थाहा पाउने अवसर बन्न पुगेको थियो।

## १. सलामी र पाफोस

लूकाले प्रेरित १३ अध्यायको ध्यान एन्टिओखियामा दिन्छन् जहाँबाट पावलले प्रथम सुसमाचारीय यात्रा सुरू गर्छन्। त्यस विवरणले प्रेरित १३ र १४को पूरै अध्यायहरू ढाकेको छ। यहाँदेखि र प्रेरितको पुस्तकको अन्तसम्म लूकाले पावल र अन्य जातिहरूमा सुसमाचार सुनाउने विवरणलाई केन्द्रित गर्दछन्।

चर्चका विश्वासीहरूले अन्य देशहरूमा सुसमाचार प्रचार गर्ने योजना होसियारपूर्वक र उद्देश्यप्रेरित भएर बनाएको भनेर प्रेरितको पुस्तकको १३ र १४ अध्यायमा उल्लेख गरिएको छ। त्यो योजना विश्वासीहरूको अग्रसरताले होइन तर परमेश्वर आफैको सक्रियतामा भएको हो भनेर लूकाले स्पष्ट पार्न चाहेको देखिन्छ। उक्त विवरणले हामीलाई यो विशेष सन्देश दिन्छ कि यदि हामी परमेश्वरले चाहनुभएको स्थानमा राखिन राजी भयौं भने उहाँले हामीलाई प्रयोग गर्न सक्नुहुन्छ। अर्थात् उहाँको चाहनासँग हाम्रो चाहना तालमेल भयो भने उहाँले हामीलाई उहाँको इच्छा अनुसार परिचालन गर्नुहुन्छ।

**साइप्रसमा बर्नावास र पावलको के क्रियाकलापहरूलाई लूकाले औंल्याउन खोज्छन्? हेर्नुहोस् प्रेरित १३:१-१२ "१ एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए। २ तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" ३ तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए। ४ तब पवित्र आत्माद्वारा पठाइएका हुनाले तिनीहरू सिलुकियामा गए र त्यहाँबाट जहाजमा चढी साइप्रसतिर गए। ५ सलामिसमा आइपुगेपछि तिनीहरूले यहूदीहरूका सभाघरहरूमा परमेश्वरको सुसमाचार प्रचार गरे। तिनीहरूलाई सहायता गर्न यूहन्ना तिनीहरूसँग थिए। ६ जब तिनीहरू समस्त टापुको यात्रा**

**गर्दै पाफोससम्म आइपुगे, तब त्यहाँ तिनीहरूले एक जना यहूदी झूटा अगमवक्ता बार-येशू भन्ने एक जना जादूगरलाई भेट्टाए। ७ त्यो जादूगर एउटा प्रान्तका शासक सर्गियस पौलससँग बस्तथियो। सर्गियस पौलस बुद्धिमान् मानिस थिए। तिनले शाऊल र बारनाबासलाई बोलाएर परमेश्वरको वचन सुन्ने इच्छा गरे। ८ तर एलुमास जादूगरले (किनकि ग्रीक भाषामा त्यसको नाउँको अर्थ यही हो) सर्गियस पौलसलाई विश्वासबाट फर्काउन खोजेर तिनीहरूको सामना गऱ्यो। ९ तर शाऊलले, जसलाई पावल पनि भनिन्छ, पवित्र आत्माले भरिएर त्यसमाथि एकटक लाएर हेरे, १० "तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस्? ११ अब हेर, प्रभुको हात तँमाथि परेको छ, र तँ अब केही समयसम्म घामको प्रकाश नदेख्ने भई अन्धो हुनेछस्।" अनि उत्तिखेरै कुइरो र अन्धकारले त्यसलाई छोप्यो, र कसैले त्यसको हात पक्रेर डोऱ्याइदेला कि भनेर त्यो यताउता जान लाग्यो। १२ तब प्रान्तका ती शासकले यो भएको देखेर विश्वास गरे, किनकि प्रभुको शिक्षामा तिनी छक्क परेका थिए।"**

पावल र बारनावासको निम्ति एन्टोओखियामा विश्वासीहरूले उपबास बसेर प्रार्थना गरेका थिए। तिनीहरूमाथि हात राख्नुको अर्थ परमेश्वरको अनुग्रहको वचन अनुसार तिनीहरूलाई समर्पण गरिएको थियो (प्रेरित १४:२६)। त्यसपछि तिनीहरू प्रथम सुसमाचारिय यात्रामा सरिक भए।

मेडिटरियन वा भू-मध्यसागरको उत्तरपूर्वी कुनामा साइप्रस टापु रहेको छ। यो एन्टिओखियाबाट धेरै टाढा छैन। यो टापुबाट नै सुसमाचार प्रचार गर्ने कामको थालनी स्वभाविक थियो किनभने बारनावास साइप्रसबाट आएका थिए र यस स्थानमा सुसमाचार पहिले नै पुगिसकेको थियो। तर त्यहाँ धेरै काम गर्न बाँकी नै थियो।

बारनावास, पावल र बारनावासको भतिजा यूहन्ना मर्कुस (प्रेरित १५:३९, कलस्सी ४:१०) सबै जना मिलेर साइप्रस टापुको सलामीमा रहेको यहूदीहरूका सिनिगग वा धार्मिक स्थलहरूमा सुसमाचार प्रचार गरे। पावलको यो नियमित कार्य थियोः अन्य जातिहरूलाई सुसमाचार प्रचार गर्नुभन्दा पहिले यहूदी धर्मसभाघरहरूमा सुसमाचार सुनाउने। येशू इस्राएलीहरूको मसीह भएको कारणले उहाँको बारेमा पहिला यहूदीहरूले थाहा पाउनु जरुरी थियो र त्यो स्वभाविक नै पनि थियो।

सलामिस पछि तिनीहरू पश्चिमतिर सुसमाचार प्रचार गर्दै गए। तिनीहरू यात्रा गर्ने क्रममा साइप्रसको राजधानी पाम्फोसमा आइपुगे। अनि त्यहाँ दुई मानिसहरूको बीचमा घट्नाको विवरण लूकाले दिन्दछन्ः बार-येशू भन्ने यहूदी जादुगर वा टुनामुना गर्ने मानिस। ऊ इलिमस भन्ने नाउँले चिनिएको थियो। र अर्को व्यक्ति सरगियस पाओलोस जो कि त्यस प्रान्तको स्थानीय रोमी बडा हाकिम थिए। त्यँहा जे भयो त्यसले सुसमाचार सुनाउँदा भिन्नै मानिसहरूले भिन्नै रूपमा सुन्ने रहेछन् भन्ने ज्वलन्त उदाहरण देखाउँछ। कसैले सुसमाचारको घोर बिरोध गर्छन् भने अयहूदी जातिहरूको उच्च प्रतिष्ठा वा ओहोदामा भएको व्यक्तिले पनि हृदयदेखि सुसमाचार ग्रहण गर्दो रहेछ। प्रेरित १३ः१२ अनुसार त्यस बडा हाकिमले आफ्नो आस्था परिवर्तन गरेको स्पष्टरूपमा देखाउँदछ।

**प्रेरित १३ः१-१२मा उल्लेखित घट्नाले हामीलाई कस्तो महसुस गराउँछ? यहूदीहरूले येशूको सत्यतालाई सरासर अस्वीकार वा विरोध गर्छन् भने अयहूदी वा अन्य जातिले येशूलाई ग्रहण गर्दछन्। हामीसँग भएको तिन स्वर्गदूतको सन्देश, दश आज्ञा आदि बर्तमान सत्यहरू लिएर जाँदा अरू चर्चका सम्प्रदायका मानिसहरू कडारूपमा बिरोध जनाउँछन् भने येशूको बारेमा वा बाइबलको बारेमा कुनै ज्ञान नभएको मानिसहरूले स्वागत गर्दारहेछन् भनेर उक्त कथाले हामीलाई कसरी देखाउँछ?**

## २. पिसिदियन एन्टिओखियाः भाग १

पावल र उनका साथीहरू **साइप्रसबाट** पर्गामा गए। यो ठाउँ आधुनिक टर्कीको दक्षिणी समुद्रको किनारामा रहेको पाम्फलिया भन्ने क्षेत्रमा पर्दछ। त्यहाँबाट पिसिडिया एन्टिओखियामा जानुभन्दा पहिले लूकाले दुई उल्लेखनीय परिवर्तन भएको विवरणलाई प्रस्तुत गर्दछन्ः सुसमाचारीय कार्यक्रममा पावल अब प्रमुख अगुवा भएको चित्रण (यो भन्दा पहिले बार्नावास प्रमुख थियो। उनको नाउँ पावल भन्दा अघि राखेर सम्बोधन गरिन्थ्यो), र लूकाले पावलको यहूदी नाउँ साऊलबाट केवल पावलमात्र भनेर सम्बोधन गर्न सुरू गर्दछन् (प्रेरित १३ः९)। पावल अब यहूदी क्षेत्रबाट ग्रीक र रोमी सभ्यताको वातावरणमा भएका देशहरूमामात्र सुसमाचारीय यात्रामा भिज्न थालेकोले उनलाई पावल भनेर सम्बोधन गर्न थालिएको थियो। (पावल भन्ने नाउँ रोमी नाउँ हो। साऊल यहूदी नाउँ हो। त्यस समयमा कतिपय देशहरू

रोमको शासनमा थिए। पावल अब यहूदीहरूबाट अन्यजातिको रुपमा परिचित हुन गएकोले पनि त्यो नाउँ परिवर्तन भएको थियो। सुसमाचार यहूदीहरूको निम्तिमात्र नभएर सारा जगतको निम्ति हो भन्ने नीति अनुसार आफूलाई एक जातको रुपमा परिचित गराउन नचाहेको र सबैसँग परिचित हुन चाहेकोले पनि उनको नाउँ साऊलबाट पावल भएको उपयुक्त देखिन्छ। पावलको अर्थ सानो वा होचो हो। आफूलाई येशूभन्दा होचो वा सानो बनाएर येशूलाई महान् बनाउन शाऊलबाट पावल भनेर सबैले सम्बोधन गरुन् भन्ने उनको चाहना भएको थियो-अनुवादकको टिप्पणी)।

प्रेरित १३:१३मा यूहन्ना मर्कुस यरुशलेममा फर्केर गएको उल्लेख गरिएको छ। मर्कुसले सुसमाचार यात्रामा साथीहरूलाई किन त्यागे भनेर स्पष्ट रूपमा बताइएको छैन। तर उनले धेरै कठिन र डरलाग्दो परिस्थितहरूको सामना गर्नुपरेकोले त्यसबाट डराएर आफ्नै देशमा फर्केर गएका थिए भनेर एलेन जी ह्वाइटले आफ्नो राय व्यक्त गर्दछिन्। “मर्कुसले आफू दबिएको महसुस गरे जसले गर्दा उनमा भएको साहस सेलाउन थालेको थियो। पावल र अरू साथीहरूसँग अघि बढ्न उनले अस्वीकार गरे अनि यरुशलेममै फर्केर गए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १७०बाट रूपान्तरित। सुसमाचारको काम गर्दा जीवन सजिलो हुन्छ भनेर परमेश्वरले कहिल्यै पनि बाचा गर्नुभएको थिए। तर त्यसको ठीक बिपरित पावललाई थाहा थियो कि सुरूदेखिनै सुसमाचारको निम्ति उनले धेरै दुःखकष्ट र यातनाको सामना गर्नुपर्नेछ (प्रेरित ९:१६), तर उनले आफ्नो जीवनको सबै हिस्सा परमेश्वरको शक्तिमा भर पर्न सिकेका थिए जसले गर्दा उनमा भएको शक्तिको रहस्य परमेश्वरमै लुकेको थियो (२ कोरन्थी ४:७-१०)।

**प्रेरित १३:१३-४१ पढ्नुहोस्। पावल यहूदीहरूको सभाघरमा येशूको बारेमा सुसमाचार सुनाउँदछन्। आन्टिओखियामा रहेको यहूदीहरूको सभाघरमा पावलले सुसमाचार सुनाउने सिलसिलामा एक प्रमुख वचन व्यक्त गर्दछन्। पद ३८मा उल्लेख गरिएको पावलको सन्देशको मूल सार के हो? हेर्नुहोस्: “१३ पावल र तिनका साथीहरू पाफोस सहरबाट पानीजहाजमा चढेर पामफिलिया क्षेत्रको पर्गा सहरमा पुगे। त्यहाँबाट मर्कूस भनिने यूहन्नाले पावल र बारनाबासलाई छोडेर यरूशलेमतिर फर्के। १४ पावल र बारनाबासचाहिँ पर्गादेखि पिसिदिया क्षेत्रको एन्टिओखिया सहरमा गए अनि पवित्र विश्रामको दिनमा ती दुई जना सभाघरमा गएर बसे। १५ मोशाले दिएको व्यवस्था र**

अगमवक्ताहरूले लेखेको पुस्तकबाट पढेपछि सभाघरका नेताहरूले पावल र
बारनाबासलाई बोलाएर भने, “भाइहरू! यदि तपाईंहरूसित मानिसहरूलाई साहस
दिने केही कुरो छ भने भन्नुहोस्।” १६ यो सुनेर पावल उठे अनि हातले इशारा
गरेर बोल्न लागे, “इस्राएली दाजुभाइ र परमेश्वरलाई मान्नुहुने सज्जनहरू हो,
दया गरी मेरो कुरा सुन्नुहोस्। १७ इस्राएली जातिका परमेश्वरले हाम्रा
पुर्खाहरूलाई छान्नुभयो र तिनीहरू मिश्रदेशमा रहँदा तिनीहरूलाई महान् जाति
बनाउनुभयो। आफ्नो शक्ति देखाएर परमेश्वरले तिनीहरूलाई मिश्रदेशबाट
निकाल्नुभयो। १८ तिनीहरू उजाड-स्थानमा रहँदा परमेश्वरले चालीस वर्षसम्म
तिनीहरूको हेरचाह गर्नुभयो। १९ उहाँले कनान देशका सात जातिलाई नाश
गर्नुभयो र त्यो देश हाम्रा पुर्खाहरूलाई दिनुभयो। २० त्यति बेलासम्म चार सय
पचास वर्ष जति बितिसकेको थियो। “त्यसपछि परमेश्वरले तिनीहरूको बीचमा
न्याय गर्न न्यायाधीशहरू खटाउनुभयो। ती न्यायाधीशहरूले एकपछि अर्को गर्दै
अगमवक्ता शमूएलका पालासम्म काम गरे। २१ त्यसपछि हाम्रा पुर्खाहरूले
राजाको माग गरे अनि परमेश्वरले उनीहरूलाई बेन्यामिन कुलका कीशका छोरा
शाऊललाई राजा बनाउनुभयो। शाऊलले चालीस वर्षसम्म राज्य गरे। २२
परमेश्वरले उनलाई हटाएर दाऊदलाई राजा बनाउनुभयो। दाऊदको बारेमा
चाहिँ परमेश्वरले यसरी भन्नुभएको छ, ‘यिशैको छोरा दाऊदलाई भेट्टाउँदा मैले
मन पराएको मानिस पाएको छु। उसले मेरो लागि गर्नुपर्ने सबै काम पूरा
गर्नेछ’। २३ “आफूले गर्नुभएको प्रतिज्ञा पूरा गरेर परमेश्वरले इस्राएलीहरूको
निम्ति दाऊद राजाको कुलमा नै एउटा मुक्तिदाता पठाउनुभयो, जो येशू
हुनुहुन्छ। २४ येशूले आफ्नो सेवा सुरु गर्नुभन्दा अघि बप्तिस्मा दिने यूहन्ना
आए। उनले चाहिँ आ-आफ्ना पापलाई मानिलिएर छोडी पानीको बप्तिस्मा लिनू
भनेर इस्राएलका सबै मानिसहरूलाई प्रचार गरे। २५ आफ्नो काम सिध्याउन
लाग्दा यूहन्नाले भने, ‘तिमीहरू मलाई मुक्तिदाता हो कि भनेर चिन्न चाहन्छौ, त्यो
त म होइनँ। तर उहाँ मपछि आउँदै हुनुहुन्छ र मचाहिँ उहाँको जुत्ताको फित्ता
फुकाउने लायकको पनि छैन’। २६ “दाजुभाइहरू हो, चाहे हामी अब्राहामका
सन्तानहरू हौं, चाहे हामी परमेश्वरको डर राख्ने अन्य-जातिकाहरू नै किन
नहोऔं, यो मुक्तिको सन्देश परमेश्वरले हामी सबैका लागि पठाउनुभएको छ।
२७ तर यरूशलेममा बस्ने दाजुभाइ र उनीहरूका नेताहरूले येशूलाई मुक्तिदाता
हुनुहुन्छ भनेर चिन्न सकेनन्। अगमवक्ताहरूले धर्मशास्त्रमा लेखेको कुरा
विश्रामपिच्छे पढे पनि उनीहरूले बुझेनन्। येशूलाई मृत्युदण्ड दिएर उनीहरूले

धर्मशास्त्रमा उहाँको बारेमा लेखिएका कुरालाई पूरा गरे। २८ मृत्युदण्ड दिने कुनै दोष नपाउँदा पनि तिनीहरूले येशूलाई मार्नुपर्छ भनी बडा-हाकिम पिलातससँग बिन्ती चढाए। २९ यसरी धर्मशास्त्रमा उहाँको बारेमा लेखिएका सबै कुरा पूरा गरेपछि तिनीहरूले उहाँलाई क्रूसबाट उतारे अनि चिहानमा राखे। ३० तर परमेश्वरले येशूलाई मरेकोबाट बिउँताउनुभयो। ३१ गालील क्षेत्रबाट उहाँसँगै यरूशलेममा आएकाहरूले धेरै दिनसम्म उहाँको दर्शन पाए र तिनीहरूचाहिँ अहिले इस्राएलका मानिसहरूको लागि उहाँलाई देख्ने साक्षीहरू हुन्। ३२ अब हामी तपाईंहरूलाई यही सुसमाचार सुनाउँछौं– परमेश्वरले हाम्रा पुर्खालाई गर्नुभएको प्रतिज्ञा ३३ उहाँले उनीहरूको सन्तानको लागि नै पूरा गर्नुभएको छ। येशूलाई मरेकोबाट बिउँताउनुहुँदा उहाँले त्यो प्रतिज्ञा हाम्रै लागि नै पूरा गर्नभएको हो। अब परमेश्वरले उहाँलाई मरेकोबाट बिउँताउनुहुनेछ भन्ने कुराको बारेमा भजनसंग्रहको दोस्रो भजनमा यसरी लेखिएको छ– 'तिमी मेरा छोरा हौ, आज मैले तिमीलाई जन्माएको छु'। ३४ उहाँलाई फेरि कहिल्यै मर्नुनपर्ने गरी बिउँताउनुहुनेछ भन्ने कुराको बारेमा भने परमेश्वरले यसो भन्नुभएको रहेछ– 'दाऊदलाई प्रतिज्ञा गरेको पवित्र र निश्चित आशिष्चाहिँ म तिमीहरूको बीचमा पठाउनेछु'। ३५ फेरि, भजनसंग्रहको अर्को भजनमा दाऊद राजाले यसरी लेखेका छन्– हे परमेश्वर, तपाईंले आफ्नो पवित्र जनलाई कुहिएर नाश हुन दिनुहुन्न। ३६ "यो कुराचाहिँ दाऊदले आफ्नो बारेमा भनेका होइनन् किनभने परमेश्वरको इच्छामा काम गरिसकेर उनी त मरे अनि आफ्ना पुर्खासँगै गाडिएर कुहिए। ३७ तर परमेश्वरले मरेकोबाट बिउँताउनुभएको चाहिँ त्यसरी कुहिनुभएन। <u>३८ त्यसकारण प्रिय दाजुभाइहरू हो, उनै येशूबाट पाप मेटिनेछ भनी म तपाईंहरूलाई बताउन चाहन्छु</u>। ३९ येशूमा विश्वास गर्नेहरू जति सबै पापबाट छुट्कारा पाएर परमेश्वरको अगाडि ठीक ठहरिन्छन्। यो काम त मोशाले दिएको व्यवस्थाले पूरा गर्न सकेन। ४० त्यसकारण होशियार हुनुहोस् र अगमवक्ताहरूले भनेका यी कुराहरू तपाईंहरूमाथि आइनलागून्– ४१ ए गिल्ला गर्नेहरू हो, अचम्म मान अनि नाश भइजाओ! किनभने तिमीहरूको समयमा म यस्तो एउटा काम गर्नेछु, त्यस कामको बारेमा कसैले तिमीहरूलाई बताए तापनि तिमीहरूले विश्वास गर्नेछैनौ।"

नयाँ करारको पुस्तकमा पावलले दिएको प्रवचनहरूको पहिलो प्रवचन प्रेरित १३:१६-४१मा उल्लेख गरिएको छ। हुन त त्यो उनको प्रथम प्रवचन भन्न

मिल्दैन। तर उनले दिएका प्रवचनहरूको मुख्य सार सन्देश उक्त प्रवचनमा भएको पाउँछौं।

उनले दिएको उक्त प्रवचनमा तिन भागहरू छन्। यहाँ आफूसमेत सबै यहूदीहरूले मानेको विश्वास र राजा दाउदको राजकीय बंशको बारेमा उल्लेख गरिएको छ। इस्राएली जातिहरूलाई विशेष कामको निम्ति परमेश्वरले चुन्नुभएको कुरामा सहमत जनाउँछन् (प्रेरित १३:१७-२३)। यहूदी श्रोतावर्गहरूको मन जित्न यो भाग उल्लेख गरिएको देखिन्छ।

दोस्रो भागमा पावलले येशूको बारेमा उल्लेख गर्दछन्। दाउदको बंशलाई दिएको प्रतिज्ञा येशूले पूरा गर्नुभएको र इस्राएली अर्थात् यहूदीहरूलाई प्रतिज्ञा गरिएको मुक्ति उहाँबाट नै आउन सक्छ भनेर उनले जिकिर गर्दछन् (प्रेरित १३:२४-२७)। र अन्तमा उनले जुन निष्कर्ष निकालेर आफ्नो प्रवचनको अन्त्य गर्दछन् त्यसमा यहूदीहरूको निम्ति चेतावनी समावेश भएको पाइन्छ। यदि येशूबाट पाइने मुक्तिलाई तिनीहरूले अस्वीकार गरे त्यसको नतिजा के हुन्छ भनेर उनले ठोकुवा गर्दछन् (प्रेरित १३:३८-४१)।

पावलको प्रवचनको निर्णायक चरमबिन्दु पद ३८ र ३९मा पाइन्छ। विश्वासद्वारा धर्मी ठहरिन्छ भन्ने पावलको सन्देशको मूल सार त्यहाँ समावेश गरिएको छ। येशू ख्रीष्टद्वारामात्रै पापको क्षमा र मानिस निर्दोष ठहरिन्छ तर मोशाको धार्मिक व्यवस्थालाई पालन गरेर होइन (अर्थात् धर्मकर्म गरेर मुक्ति पाइँदैन)। तर मोशाको सबै व्यवस्था खारेज भयो भनेर त्यस भागमा भनिएको छैन। तर यहूदीहरूले अपेक्षा गरे अनुसार धर्मकर्म गरेर मुक्ति पाइन्छ वा पापबाट निर्दोष ठहरिन्छ (रोमी १०:१-४) भन्ने सोचको अर्थ छैन भनेर पावलले जिकिर गर्दछन्। मुक्ति दिलाउने विशेष अधिकार केवल येशूमामात्र निहित भएको पावल ठोकुवा गर्दछन् (गलाती २:१६)।

**केवल येशूद्वारामात्र मुक्ति पाइन्छ भन्नुको अर्थ के हो? परमेश्वरको दश आज्ञाहरू पालन गर्नैपर्ने आवश्यकता तर त्यसले मुक्ति दिइने होइन भन्ने तथ्यको बीचमा तपाईंले कसरी तालेमेल गर्ने?**

## ३. पिसिडिएन एन्टिओखियाः भाग २

व्यवस्था पालन गरेर वा धर्म कर्म गरेर कसैले पनि मुक्ति पाउँदैन वा स्वर्ग जान इजाजत पाउँदैन भन्ने विषयबस्तु पावलले उल्लेख गरेको प्रेरित १३:३८,३९मा पाइन्छ। यो अत्यन्त महत्त्वपूर्ण धार्मिक दर्शन हो। मानिसको

नैतिकता र परमेश्वरप्रति बफादारिता देखाउने दश आज्ञाहरू मानव संसारको निम्ति नभै नहुने व्यवस्था भएतापनि, ती दश आज्ञाहरू र अरू व्यवस्था वा विधिविधानहरू पालन गरेर मानिस निर्दोष ठहरिदैन किनभने त्यसलाई पालन गर्ने मानिसहरूले सिद्ध तरिकाले अपनाउन सक्दैनन् (प्रेरित १५:१०, रोमी ८:३)। व्यवस्थाले हामीलाई सिद्ध पालन गर्ने व्यक्ति बनाएतापनि त्यसले विगतका पापहरूलाई क्षमा गर्दैन (रोमी ३:१९, गलाती ३:१०,११)। त्यसैकारण सिद्ध व्यक्ति हुन वा निर्दोष ठहरिन कमाएर पाउने चिज होइन। हामीहरूले जतिसुकै त्याग तपस्या धर्मकर्म गरेतापनि त्यसले अलिकति पनि हामीलाई निर्दोष बनाउँदैन। हाम्रो पापको क्षमाको निम्ति मर्नुभएको येशूलाई विश्वास गरेरमात्रै हामीले मुक्ति पाउन सक्छौं (रोमी ३:२८, गलाती २:१६)। हामीले पाउने मुक्तिको उपहार हामी योग्य भएर पाउने होइन। इसाई जीवन बिताउन परमेश्वरको वचन पालन गर्नु मुख्य काम भएतापनि त्यसले हामीलाई मुक्ति दिलाउँदैन।

पावलको प्रवचन सुन्ने यहूदी श्रोताहरूले उनको सन्देशलाई कसरी लिए त? हेर्नुहोस् प्रेरित १३:४२-५२ "४२ पावल र बारनाबास सभाघरबाट निस्केर जान लाग्दा आउँदो शबाथमा पनि यी कुरा सुनाइदेऊन् भनी मानिसहरूले तिनीहरूलाई बिन्ती गरे। ४३ सभा विसर्जन भएपछि धेरै यहूदीहरू र यहूदी मत मान्ने भक्तहरू पावल र बारनाबासको पछि लागे, र तिनीहरूले उनीहरूसँग बोल्दै उनीहरूलाई परमेश्वरको अनुग्रहमा रहिरहनू भनी आग्रह गरे। ४४ अर्को शबाथमा झण्डै सम्पूर्ण सहर परमेश्वरको वचन सुन्नलाई उल्टेर आयो। ४५ भीड़लाई देख्दा, यहूदीहरू डाहले भरिए र पावलले भनेका कुराको खण्डन गरे, र तिनको निन्दा गरे। ४६ तर पावल र बारनाबासले साहस गरेर भने, "परमेश्वरको वचन सर्वप्रथम तपाईंहरूलाई नै सुनाउनु आवश्यक थियो। तपाईंहरूले यसलाई इन्कार गरी आफैलाई अनन्त जीवनको अयोग्य ठहराउनुभएकोले हामी अब अन्यजातिहरूकहाँ जानेछौं। ४७ किनकि प्रभुले हामीलाई यस्तो आज्ञा दिनुभएको छ, 'पृथ्वीको पल्लो छेउसम्म मुक्ति पुऱ्याउन मैले तिमीलाई अन्यजातिहरूका निम्ति ज्योति हुन नियुक्त गरेको छु'।" ४८ जब अन्यजातिहरूले यी कुरा सुने, तिनीहरू खुशी भए, र परमेश्वरको वचनको प्रशंसा गरे, र अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्वास गरे। ४९ प्रभुको वचन सबै इलाकाभरि फैलियो। ५० तर पावल र बारनाबासका विरुद्ध यहूदीहरूले भक्त र प्रतिष्ठित स्त्रीहरू र सहरका मुख्य-मुख्य मानिसहरूलाई

**उक्साए, र उनीहरूलाई आफ्नो साँधसिमाना बाहिर कटाइदिए। ५१ तर उनीहरूचाहिँ आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा टकटक्याएर, आइकोनियनमा आए। ५२ चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण भए।"**

पावलले कठोर नीति अबलम्बन गरेर आफ्नो सन्देशलाई अन्त गरेतापनि सिनिगग अर्थात् यहूदी सभाघरका मानिसहरूको प्रतिक्रिया राम्रै थियो। तर अर्को हप्तामा भने मानिसहरूको प्रतिक्रियामा भारी फरक भएको देखियो। सुसमाचारलाई अस्वीकार गर्ने यहूदीहरू सायद यहूदी सभाघरका अगुवाहरू हुन सक्छन्। तिनीहरू यहूदी धर्मका आधिकारिक व्यक्तिहरू थिए। तिनीहरूका रूखो व्यवहारलाई लूकाले तिनीहरूले डाह गरे भनेर व्यक्त गर्दछन्।

प्राचीन संसारमा यहूदी धर्मका विभिन्न पक्षहरूलाई मानिसहरूले मन पराएका थिए। तिनीहरूको एक ईश्वरवादी सिद्धान्त, तिनीहरूको जीवन शैली र तिनीहरूले पालन गरेका शबाथप्रति अयहूदीहरू आकर्षित भएका थिए। धेरै मानिसहरू आफ्नो धर्म छोडेर यहूदी धर्ममा लागेका थिए। तर खतनाको मामिलामा भने अयहूदीहरूको निम्ति गम्भीर विषय थियो। त्यो अत्यन्त असभ्य र वाक्क लाग्दो रीति भनेर मानिन्थ्यो। त्यसैले गर्दा धेरै अयहूदीहरू यहूदी सभा घर अर्थात् सिनिगगमा जान्थे तर औपचारिकरूपमा यहूदी धर्मलाई अङ्गालेका हुँदैनथे। ती मानिसहरू परमेश्वरको भय मान्ने भनेर कहलाइन्थे। परमेश्वरप्रति श्रद्धा राख्ने र यहूदी धर्मलाई नै अङ्गालेका एन्टिओखिया सिनिगगका (प्रेरित १३:१६,४३) मानिसहरू हुनसक्छन् जसले पावलको सन्देशलाई फैलाउन सहयोग गरेका थिए। तिनीहरू धेरै संख्यामा पनि थिए। यहूदी नभैकन पनि मुक्ति पाउन सकिन्छ भन्ने पावलको सन्देशले धेरै मानिसहरू आकर्षित भएका हुनसक्छन्।

यहूदी धर्मका अगुवाहरू पावलदेखि किन डाही भए भनेर त्यसले व्याख्या गर्न सक्छ। जेभएतापनि जब यहूदीहरूले सुसमाचारलाई ग्रहण गर्न अस्वीकार गरे तिनीहरू परमेश्वरले दिनुहुने मुक्तिबाटमात्र बंचित हुनगएनन्, अब पावल र बरानावासलाई तिनीहरूको ध्यान अयहूदीहरूतर्फ दिन स्वतन्त्र भए। यहूदी धर्म तथा संस्कारलाई नआङ्गालिकनै परमेश्वरको मुक्तिको योजनामा समावेश हुन पाइने रहेछ भनेर सुन्न पाउँदा ती अयहूदी तथा अन्यजातिहरू अत्यन्त रमाएका थिए र परमेश्वरको प्रशंसा गरेका थिए।

## ४. आइकोनियममा

एन्टिओखियाका यहूदी अगुवाहरूले पावल र बरानाबासको बिरुद्धमा उक्साउँदा स्थानीय सरकारी अधिकारीहरूले पनि तिनीहरूको समर्थन गरेर तिनीहरूमाथि आक्रमण गर्न भिडलाई उत्तेजित बनाए। त्यसको फलस्वरुप पावल र बारानाबास त्यस सहरबाट भाग्नुपर्‍यो (प्रेरित १३:५०)। तर त्यस्तो कठीन परिस्थितिमा पनि चेलाहरू पवित्र आत्माले भरिएर आनन्दित भएका थिए (प्रेरित १३:५२)। अनि सुसमाचार प्रचार गर्ने यात्रीहरू इकोनियम भन्ने सहरतिर लागे।

**आइकोनियममा पावल र बारनाबासको क्रियाकलापले के नतिजा ल्यायो? हेर्नुहोस् प्रेरित १४:१-७ "१ अब आइकोनियनमा तिनीहरू एकसाथ यहूदीहरूको सभाघरमा पसेर यस्तो किसिमले बोले, कि यहूदीहरू र ग्रीकहरूको ठूलो दलले विश्वास गर्‍यो। २ तर विश्वास नगर्ने यहूदीहरूले चाहिँ अन्यजातिहरूलाई भड्काएर भाइहरूका विरुद्ध उनीहरूको मन तीतो पारिदिए। ३ प्रभुको भरोसामा साहससँग बोल्दै धेरै समयसम्म पावल र बारनाबास त्यहाँ रहे। प्रभुले तिनीहरूका हातबाट चिन्हहरू र अचम्मका कामहरू गराईकन आफ्नो अनुग्रहका वचनको गवाही दिनुभयो। ४ तर सहरका मानिसहरूमा फाटो हुन गयो, र कोही यहूदीहरूतर्फ र कोही प्रेरितहरूतर्फ लागे। ५ अन्यजाति र यहूदीहरू दुवैले उनीहरूका शासकहरूसँग मिलेर तिनीहरूलाई सताउने र ढुङ्गा हान्ने प्रयत्न गरे। ६ तिनीहरूले यो कुरा चाल पाए, र लुकोनियाका सहरहरू लुस्त्रा, डर्बी र छेउछाउका जिल्ला हुँदो भागेर गए, ७ र त्यहाँ तिनीहरूले सुसमाचार प्रचार गरिनैरहे।"**

आइकोनियममा (अङ्ग्रेजीमा आइकोनियम तर नेपालीमा आइकोनियन भनेर सम्बोधन गरिएको छ. तर ठाउँको नाउँ अनुसार आइकोनियम हुनुपर्दछ-अनुवादकको टिप्पणी) पावल र बारनाबासले आफ्नो सुसमाचार प्रचार गर्ने प्राथमिकता यहूदीहरूलाई सुनाउने नीति कायमै राखे। यहूदीहरूले समाचार सुन्न अस्वीकार गरेपछिमात्र तिनीहरू अयहूदीहरूतिर फर्किए। जब पावलले आन्टिओखियामा यहूदीहरू सामु प्रवचन दिए तब सुसमाचार सुन्ने प्राथमिकता ती यहूदीहरूले पाउनुपर्छ भन्ने धारणा तिनीहरूले व्यक्त गरेका थिए, किनभने यहूदीहरूलाई परमेश्वरले चुन्नु भएको थियो। तिनीहरूको बीचमा भइरहेको कामले र (रोमी ३:२,९:४,५) तिनीहरूकै राजा दाउदको घरानाबाट मुक्तिदाताको जन्म हुनेछ भन्ने भविष्यवाणी पूरा भएको कारणले सुसमाचार

सुन्ने प्राथमिकता तिनीहरूले पाएका थिए। कतिपय यहूदीहरूले सुसमाचारलाई ग्रहण गर्न अस्वीकार गरेतापनि कतिपयले ग्रहण गर्नेछन् भन्ने आशामा पावल कहिल्यै पनि पछि परेका थिएनन्।

सबै यहूदीहरू वा इस्राएलका सन्तान वा बंशहरू खास गरेर यहूदी होइनन् वा इस्राएली होइनन् भनेर पावलले रोमी ९-११मा ठोकुवा गर्दछन् (बिशेष गरेर रोमी ९:६)। त्यसको अर्थ केवल परमेश्वरको दया वा अनुकम्पालेमात्र केही यहूदीहरूले येशूलाई विश्वास गर्न पुगेका थिए। परमेश्वरले आफ्ना जनहरूलाई त्यागनुभएको छैन। तर "बर्तमान समयमा केही बाँकी रहेका यहूदीहरूले परमेश्वरको अनुग्रहको उपभोग गर्ने अवसर पाएका छन्" (रोमी ११:५ रूपान्तरित)। यहूदीहरूको बिरोधको बाबजुद पनि पावलले अयहूदी वा अन्य जातिहरूका सुसमाचार सुनाउने काम जारी नै राखे। तर उनलाई यो पनि विश्वास थियो कि कुनै समयमा अरू धेरै यहूदीहरूले येशूलाई विश्वास गर्नेछन्।

"प्रेरितमा वर्णन गरिएको पावलका यहूदीहरूलाई सुसमाचार सुनाउने रणनीतिको बारेमा रोमीको पुस्तकको ९ अध्यायदेखि ११सम्म अझ व्याख्या गरिएको छ। येशूलाई विश्वास नगर्ने यहूदीहरूलाई उहाँको बारेमा कसरी सम्झाउने भन्ने धार्मिक दर्शन वा तर्क प्रत्येक पुस्ताका इसाईहरूले ती अध्यायहरूबाट सिक्नु जरुरी छ।"-देभिद जी. पिटरसन, द आक्टस् अभ आपोस्टल्स (ग्राण्ड रापिडः इएरडमान्स, २००९) पृ. ४०१बाट रूपान्तरित।

आइकोनियममा जुन् परिस्थिति पावलले सामना गरे त्यो आन्टिओखियाको भन्दा खास फरक थिएन। सुरूमा जब पावलले प्रचार गरे दुवै यहूदी र अयहूदीहरूले उच्च सकारात्मकरूपमा प्रतिक्रिया जनाएका थिए। तर विश्वास नगर्ने यहूदी वा स्थानीय यहूदी समाजका अगुवाहरूले सुसमाचारको प्रतिवाद गरेका थिए। तिनीहरूले जनसमुहको दिमागमा प्रचारकहरूको विरुद्धमा बिष छरिदिए। त्यसले गर्दा मानिसहरूमा विभाजन भएको थियो। जब विरोधीहरू पावल र बारानाबासलाई समातेर पिट्ने तरखरमा लागेका थिए तब तिनीहरू त्यस सहरबाट निस्केर जाने निर्णय गरे र अर्कै सहरमा गए।

**यहूदीहरूले सुसमाचार सुन्नेमात्र होइन येशूलाई विश्वास गर्छु भन्नेको जीवनशैली पनि देख्नु आवश्यक छ। यदि तपाईंले कुनै यहूदीलाई चिन्नुभएको छ भने उसको सामु तपाईं कस्तो गवाही भएर खडा हुनुभएको छ?**

## ५. लिस्त्रा र डर्बीमा

आइकोनियमको दक्षिणीपश्चिमी भागमा रहेको लिस्त्रा भन्ने गाउँमा पावल र बारनाबास जान्छन्। आइकोनियमबाट करिब अठार माइल वा २९ किलोमिटर रहेको यस गाउँ दुरगम गाउँ थियो। त्यहाँ तिनीहरू केही समयमात्र रहेतापनि (प्रेरित १४:६,७,१५) लूकाले केवल एउटा कथा र त्यसबाट के भयो भनेरमात्र उल्लेख गर्दछन्। जन्मैदेखि लङ्गडोभएर दुःख पाएको मानिसलाई तिनीहरूले निको पारेका थिए। सायद त्यो मानिस भिखारी हुनसक्छ।

**जब पावल र बारनाबासले त्यस लङ्गडोलाई निको पारे तब लिस्त्राका मानिसहरूको प्रतिक्रिया कस्तो थियो? तिनीहरूको सो प्रतिक्रियाले तिनीहरू कस्ता ज्ञान नभएका मानिसहरू थिए भनेर देखाउँछ? हेर्नुहोस् प्रेरित १४:५-१९ "५ अन्यजाति र यहूदीहरू दुवैले उनीहरूका शासकहरूसँग मिलेर तिनीहरूलाई सताउने र ढुङ्गा हान्ने प्रयत्न गरे। ६ तिनीहरूले यो कुरा चाल पाए, र लुकोनियाका सहरहरू लुस्त्रा, डर्बी र छेउछाउका जिल्ला हुँदो भागेर गए, ७ र त्यहाँ तिनीहरूले सुसमाचार प्रचार गरिनैरहे। ८ अब लुस्त्रा सहरमा खुट्टा चलाउन नसक्ने एक जना मानिस बसिरहेको थियो। त्यो जन्मैको लङ्गड़ो थियो, र कहिल्यै हिँड़िको थिएन। ९ पावलले बोलेको त्यसले सुन्दैथियो। पावलले त्यसलाई एकटक लगाएर हेरे, र निको हुने त्यसको विश्वास छ भन्ने देखिकन १० ठूलो सोरले कराएर भने, "तेरा खुट्टाको भरमा सीधा उभी।" अनि त्यो जुरुक्क उठ्यो र हिँड्न लाग्यो। ११ जब पावलले गरेको यो काम भीड़ले देख्यो, तब तिनीहरूले लुकोनियाको भाषामा उच्च सोरले यसो भने, "देवहरू मान्छेको रूपमा हामीकहाँ ओर्लेर आएछन्।" १२ तिनीहरूले बारनाबासलाई जिउस देवता र पावललाई हर्मेस देवता भन्न लागे, किनकि यिनीचाहिँ मुख्य वक्ता थिए। १३ सहरको अगिल्तिर भएको जिउसको मन्दिरका पूजाहारीले मूल ढोकाहरूमा गोरुहरू र फूलका मालाहरू ल्याएर त्यहाँका मानिसहरूसँग मिली बलि-पूजा गर्ने इच्छा गरे। १४ तर जब प्रेरितहरू, बारनाबास र पावलले यो कुरा सुने, तब तिनीहरू आफ्नो वस्त्र च्याती यसो भन्दै कराएर मानिसहरूका बीचमा दौड्दैगए र भने, १५ "मानिसहरू हो, तपाईंहरू किन यस्तो काम गर्नुहुन्छ? हामी पनि त तपाईंहरूजस्तै दुःख-सुख भोग्ने मानिसहरू हौं, र तपाईंहरूलाई यी व्यर्थका कुराहरूबाट जीवित परमेश्वरतर्फ फिराउनलाई सुसमाचार सुनाउँछौं, जुन परमेश्वरले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत्**

**थोक बनाउनुभयो। १६ उहाँले अघि बितिसकेका पुस्तामा सब जातिहरूलाई आ-आफ्नै रीतिअनुसार चल्न दिनुभयो। १७ तापनि उहाँले आफूलाई गवाहीविना छोड्नुभएन, किनकि उहाँले भलो गरेर तपाईंहरूलाई स्वर्गबाट पानीको झरी र फलवन्त ऋतु दिनुभयो र तपाईंहरूका हृदयलाई भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो।" १८ यी कुरा भनेर तिनीहरूले मुश्किलले तिनीहरूलाई बलि-पूजा चढ़ाउनबाट ती मानिसहरूलाई रोके। १९ तर कुनै-कुनै यहूदीहरू एन्टिओखिया र आइकोनियनबाट त्यहाँ आइपुगे, र भीड़लाई मनाएर पावललाई ढुङ्गा बर्साए, र तिनी मरे होलान् भन्ठानेर सहरदेखि बाहिर घिस्स्याएर लगे। २० तर जब चेलाहरू तिनको वरिपरि उभिए तिनी उठे, अनि सहरभित्र पसे, र भोलिपल्ट बारनाबाससँग निस्केर डर्बीमा गए।"**

जब पावल र बारनाबासले लङ्गडो मानिसलाई निको पारेर मानिसहरूलाई अचम्म पारे तब त्यहाँका मानिसहरू तिनीहरूदेखि अत्यन्त प्रभावित भएर तिनीहरू भगवान हुन भनेर पूजा पो गर्न तम्सिए। पावललाई जिउस भनि ठाने। जिउस ग्रीक पुराणको सर्वोच्च देवता थियो। बारनाबासलाई हर्मेस भनि ठाने। हर्मेस जिउस देवताको सेवा गर्ने र उसको निम्ति बोल्ने देवता थियो। भिड उत्तेजित भएर तिनीहरूको सामु साँढेको बलि चढाएर पुजा गर्न तम्सिएको थियो।

ई.पू. ४३देखि ईस्वी सम्बत १७ वा १८मा रहेको ल्याटिन वा ग्रीकका प्रख्यात कवि ओभिदले लेखेको पुराणमा ती दुई देवताहरूको बारेमा वर्णन गरेका थिए। ती दुई जिउस र हर्मेस भन्ने देवताहरूले मानिसको रूप लिएर त्यही इलाका (त्यस प्रान्तमा रहेको फ्रिगियाका पहाडहरूमा)मा विश्राम लिन ठाउँ खोजेका थिए रे। दन्त्यकथा अनुसार एक गरिब बूढाबूढी दम्पत्तीले तिनीहरूलाई दया देखाएर सत्कार गरे। तर अरू मानिसहरूले भने ती देवताहरूलाई वास्ता गरेनन्। अपरिचित पाहुनाहरूप्रति दया र सत्कार गरेकोमा ती देवताहरूले तिनीहरूको घरलाई मन्दिरमा परिणत गरे र ती दम्पत्तिलाई पुजारी बनाइदिए रे। तर सहरलाई भने ध्वस्त पारे रे (मेटामोरफोसेस ६११-७२४)।

त्यस्ता कथाहरूलाई त्यस क्षेत्रका मानिसहरूले पत्यार गरेको कारण पावलको आश्चर्य कामलाई देखेर प्रतिक्रिया देखाएका ती मानिसहरूको कामलाई अचम्म मान्नुपर्दैन। ती सुसमाचार प्रचार गर्ने यात्रुहरू ती दुई प्रमुख देवताहरू हुन् भनेर कसरी मान्न थाले भन्दा माथिको कथाले देखाउँछ। तर

तिनीहरूले आसक्लेपियस देवता भनेर मानेनन्। ती देवता मानिसलाई निको पार्ने देवता भनेर मानिन्थे। पावल र बारनाबासले तिनीहरु पूजा गर्ने गलत व्यवहारलाई रोक्न सफल भए। अन्तमा एन्टिओखिया र आइकोनियमबाट आएका यहूदीहरूले त्यो भिडलाई उत्तेजित बनाएर पावल र बारानाबसलाई देवता होइन भनेर मार्न उक्साए। जसको फलस्वरुप पुजनीय भनेर मानेका पावल र बारनाबासलाई ढुङ्गा मुढा गरेर मार्न खोजे।

**प्रेरित १४:१९-२८सम्म पढ्नुहोस्। पावल र बारानाबासले तिनीहरूको त्यो यात्रा कहाँ अन्त गरे? तिनीहरू फर्केर आएपछि तिनीहरूले के गरे? हेर्नुहोस् "१९ तर कुनै-कुनै यहूदीहरू एन्टिओखिया र आइकोनियनबाट त्यहाँ आइपुगे, र भीड़लाई मनाएर पावललाई ढुङ्गा बर्साए, र तिनी मरे होलान् भन्ठानेर सहरदेखि बाहिर घिस्स्याएर लगे। २० तर जब चेलाहरू तिनको वरिपरि उभिए तिनी उठे, अनि सहरभित्र पसे, र भोलिपल्ट बारनाबाससँग निस्केर डर्बीमा गए। २१ तिनीहरूले त्यस सहरमा सुसमाचार प्रचार गरेर धेरै चेलाहरू बनाए, र तिनीहरू लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, २२ चेलाहरूका आत्मालाई सुदृढ़ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने। २३ जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए। २४ त्यसपछि तिनीहरू पिसिदियाबाट भएर पामफिलियामा आए। २५ पर्गामा वचन प्रचार गरेर तिनीहरू अटालियामा झरे। २६ अनि त्यहाँबाट तिनीहरू समुद्रयात्रा गरी एन्टिओखियामा गए, जहाँ तिनीहरूले पूरा गरेका कामको निम्ति परमेश्वरको अनुग्रहमा तिनीहरूलाई अर्पण गरिएको थियो। २७ जब तिनीहरू एन्टिओखियामा आइपुगे, तब मण्डलीलाई भेला गराए, अनि परमेश्वरले तिनीहरूका साथमा गर्नुभएका सबै कामको बयान गरे, र कसरी उहाँले अन्यजातिहरूका निम्ति विश्वासको ढोका खोलिदिनुभयो सो सुनाए। २८ तिनीहरू त्यहाँ चेलाहरूसँग निकै दिन बसे।"**

**पावलले यो सम्बोधन गर्दछन् "धेरै दुःखकष्ट पाएर हामी परमेश्वरको राज्यमा पस्नुपर्दछ (प्रेरिसत १४:२२ रूपान्तरित)। त्यसको अर्थ के हो? के तपाईंको जीवनमा पावलले भनेका कुरालाई अनुभव गर्नुभएको छ? सुसमाचार सुनाउने क्रममा जुनसुकै कठीन परिस्थिति वा दुःख भोग्नुपरेतापनि तपाईंपनि विश्वासमा कसरी अघि बढ्न सिक्नु हुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "जब येशू यस संसारमा रहनुभएको थियो तब उहाँले अरू जातिहरूलाई बहिष्कार गर्ने यहूदीहरूको मनस्थितिलाई बदल्न खोज्नुभएको थियो। सिपाहीँहरूको बिदेशी हाकिम र सिरोफ्रेनिशियन वा कनानी स्त्रीको उहाँप्रतिको आस्थालाई उहाँले स्वीकार गर्नुहुँदा परमेश्वरको प्रेम केवल यहूदीहरूमामात्र निहित नरहेको भनेर प्रत्यक्ष प्रमाण दिनुभएको थियो। अयहूदी वा अन्य जातिहरूको बीचमा सक्रिय भएर निरन्तररूपमा सुसमाचार सुनाउने बेला आएको थियो। सारा जनसमूहले सुसमाचार खुशी भएर स्वीकार गरेका थिए र जानेरबुझेर वा बौद्धिक विश्वास गर्ने ज्ञानको ज्योति पाएकोमा मानिसहरूले परमेश्वरको महिमा गरेका थिए। यहूदीहरूले जति बिरोध गरेतापनि र तिनीहरूप्रति खराब व्यवहार गरे वा चिताएतापनि तिनीहरूलाई सुम्पिएको परमेश्वरको उद्देश्यप्रति ती प्रेरितहरू बिचलित भएनन्। अब नयाँ इस्राएल पुरानो जैतुनको रूखमा गाँसिएको थियो। यहूदी सभाघर वा सिनिगगहरू प्रेरितहरूको निम्ति बन्द भएका थिए, तर व्यक्ति घरहरू तिनीहरूको प्रयोगको निम्ति खुला गरेका थिए। साथै अन्य जाति वा अयहूदीहरूको सार्वजनिक स्थानहरू पनि प्रेरितहरूले सुसमाचार सुनाउन प्रयोग गर्न दिएका थिए।"-एलेन जी ह्वाइट, *स्केचेस फ्रम द लाइफ अभ पावल,* पृ. ५१बाट रूपान्तरित।

"आफूहरूको सुसमाचारीय यात्रामा पावल र बारनाबासले येशूको उदाहरण पछ्याएका थिए। उहाँले मानिसहरूलाई सुसमाचार सुनाउन त्याग देखाउनुभएको थियो। उहाँले बिश्वासपूर्वक काम गर्नुभयो र मानिसहरूको उद्धारको निम्ति दिल खोलेर परिश्रम गर्नुभयो। तिनीहरू जागरुक भएका थिए, सुसमाचार सुनाउने काममा तिनीहरूले थकाइ मानेका थिएनन् र तिनीहरूले आफ्नो व्यक्तिगत नियतलाई त्यागेका थिए। तर सुसमाचारको निम्ति चिन्ता गर्दै प्रार्थना गरे र बिनारोकटोक आफ्ना कामलाई जारीराखेर ती प्रेरितहरूले सत्यको बिऊ रोपेका थिए। जब सुसमाचारको बिऊ छरे तब ती प्रेरितहरूले सुसमाचारलाई ग्रहण गर्नेहरूको साथमा उभिन तिनीहरू पछि परेनन्। तिनीहरूको आत्मिक ज्ञानको निम्ति जे चाहिने थियो सो होसियारपूर्वक सो पूरा गर्न तिनीहरूले जिम्मेवारी निभाएका थिए। मानिसहरूलाई थाहा नभएको कतिपय व्यवहारिक पाठहरू तिनीहरूलाई सिकाएका थिए। तिनीहरूलाई ती प्रेरितहरूले इमान्दारिता देखाएका थिए र परमेश्वरप्रतिको श्रद्धाको नमुना

देखाएका थिए। त्यसले गर्दा येशूलाई विश्वास गर्ने नयाँ विश्वासीहरूको हृदयमा प्रेरितहरूले सिकाएका सुसमाचारको महत्त्वपूर्ण सन्देशको गहिरो छाप लामो समयसम्म टिकेको थियो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ द आपोस्टल्स,* पृ. १८६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. जब परिस्थिति गम्भीर भयो तब त्यहाँबाट भाग्ने मर्कूसको बारेमा सोच्नुहोस्। पछि पावल र बारनाबासको बीचमा मर्कूसको विषयमा भनाभन भएको थियो। बारनाबासले मर्कूसलाई फेरि आफ्नो साथमा लैजान चाहेका थिए तर पावलले मानेनन् (प्रेरित १५:३७)। तर धेरै वर्प पछि पावलले लेख्दछन्, "मर्कूसलाई तिमीसँग लिएर आऊ किनभने मेरो सुसमाचारीय सेवा कार्यमा उनी उपयोगी भएका छन्।" (१ तिमोथी ४:११ रूपान्तरित)। कुनै परिस्थितिमा नराम्रो भएर देखाएतापनि सधैं त्यो व्यक्ति नराम्रो हुन्छ भन्ने छैन। पावलको अनुभवले कस्तो पाठ सिकाउँछ?

आ. पावल र बारानाबासलाई लिस्त्राका मानिसहरूले भगवान भनेर पूजा गर्न थालेका थिए (प्रेरित १४:१४-१८)। परमेश्वरले पाउनुपर्ने महिमा वा जस हामीले पाउने प्रलोभनमा फसियो भने के गर्ने?

इ. नयाँ विश्वासीहरूको विश्वासलाई बलियो पारिराख्न र तिनीहरूको आत्मिक खुराकलाई पावलले र बारानाबासले कसरी सम्हाले? तिनीहरूको उदाहरणबाट हामीले कसरी सिक्ने?

ई. मानिसले सृष्टि गरेका चालचलन, रीति, संस्कार, परम्परालाई लामो समय सम्म सम्हाली नराख्न हामीले के गर्ने? ती तत्वहरूले हामीहरूलाई सत्य ज्ञानमा अघि बढ्न रोक्न सक्दछ। यहूदी धर्मका अगुवाहरूले पावलको खिलाफमा जतिसुकै अवरोध खडा गर्न खोजेतापनि उनी आफूले पाएको सत्य ज्ञानमा अडिग भएर बसे। हामी पनि त्यही नीतिमा कसरी लागिरहने?

## कथा ७
## सयौंकी आमा
## मायुमी नागाने, ५८ जापान

जापानमा मायुमी एक अत्यन्त प्रभावकारी सेभेन्थ-डे एडभेन्टिस्ट महिला हुन्। तर सुरूमा त्यस्ती थिइनन्। उनले पहिलो कक्षा सक्नुभन्दा पहिले दुई पल्ट मर्न आँटेकी थिइन्। उनका बुबा मादकपदार्थको दुर्व्यसनमा लागेका थिए भने आमालाई मानसिक रोगले सताएको थियो। दुवै बाबुआमाले उनीप्रति त्यस्तो ध्यान दिएका थिएनन्। त्यसैले गर्दा एक दिन पानी उम्लिरहेको भाँडो उनीमाथि खनिन्दा उनी झण्डै मरेकी थिइन्। त्यो घट्ना उनी तीन वर्ष हुँदा र पाँच वर्ष हुँदा दुई पटक भएको थियो। दुवै पटक उम्लिरहेको पानी जिउ भरि पोखिएको थियो। त्यसले गर्दा उनको शरीरमा जिन्दगीभरी नहराउने दाग बसेको थियो।

*"परमेश्वरले मलाई दुई पल्ट बचाउनुभयो" मायुमीले भनिन्।*

जब उनी नौ वर्षकी थिइन् उनकी आमा सदाको निम्ति हराएकी थिइन्। उनको जीवन अत्यन्त कहाली लाग्दो र कष्टमय थियो। उनी निराशै निराशामा हुर्केकी थिइन्।

जब उनी ६ कक्षामा पढ्थिन् तब उनीभित्र आशाको दियो बलेको थियो। एक जना अमेरिकन उनको घरसँगै जोडिएको घरमा सरेको थियो। उसले उनलाई अङ्ग्रेजी बोल्न सिकायो र बाइबल पढ्न पनि सिकायो। जब मायुमीले मत्ती ७:१२मा लेखिएको सुनौलो नियम पढिन् तब उनलाई अत्यन्त अचम्म लाग्यो। त्यसमा लेखिएको छ "अरूले तिमीलाई के गरेको चाहन्छौ त्यही तिमीले पनि अरूलाई गर।"

"जब मैले यो पद पढैं तब मलाई थाहा भयो कि म कुन बाटोमा जानुपर्छ। मेरो विगतको समयलाई म बदल्न सक्दिँन। मेरो दाग भएको छाला कहिल्यै पनि पहिला जस्तो हुँदैन। तर मैले मेरा बाबुआमाबाट नपाएको माया अरू बालबालिकाहरूलाई दिन सक्छु भन्ने मलाई महसुस भएको थियो" मायुमीले मुस्कुराउँदै भनिन्।

त्यसैबेलादेखि उनले बालबालिकहरूको हेरचाह गर्ने प्रण गरेकी थिइन्।

तर धेरै कठिन समयहरू उनले गुजार्नुपरेको थियो। उनी २१वर्षकी हुँदा उनले बिबाह गरिन्। दश वर्षपछि उनको आफ्नो श्रीमानसँग पारपाचुके भयो। उनी जाँडरक्सी खाएर मात्तिन थालिन् र प्रशस्तरूपमा चुरोट खान थालिन्। उनले आत्महत्या गर्न खोजिन्। जब उनी ३८ वर्ष भएकी थिइन् उनले फेरि विवाह गरिन् र नयाँ जीवन सुरू गरिन्। उनले दिउँसो बालबालिकाहरू हेर्ने ठाउँ वा डे केयर सेन्टरमा काम पाइन्। दिउँसो साना बालबालिकहरूलाई हेर्ने ठाउँ देखेर उनलाई धेरै नमजा लाग्यो। त्यस डे केयर सेन्टरमा धेरै कडा नियमहरू थिए। बालबालिकाहरूका बाबुआमाहरूले धेरै काम गर्नुपरेको थियो।

जब एक दिन एक वर्षको ज्वरो आएको बालकलाई डे केयरमा भर्ना लिइएन तब मायुमीको जीवनमा भारी परिवर्तन आएको थियो। त्यस बालकको आमा काममा जानैपर्थ्यो र बालकलाई हेर्ने हुँदैनथ्यो। अर्को दिन त्यस आमा डे क्यरमा फर्केर आइन्। उनको बालक त्यसरी चाँडो कसरी निको भयो भनेर उनलाई थाहा भएन। तर जब बालकको थाङ्ना फेरियो तब बालक राम्रो भएको थियो। आमाले बालकलाई चिसो थाङ्ना वा डाइपर बेरेकी थिइन्। ज्वरोलाई कम गर्न आमाले त्यो गरेकी थिइन्।

“बच्चाहरूलाई त्यसरी हेरचाह गर्ने होइन भनेर मैले आफ्नै डे क्यर सेन्टर खोलें। बालबालिकाहरूलाई राम्रोसँग स्याहार्ने नीति मैले बनाएँ। जस्तोसुकै बालबालिकलाई पनि बिनासर्त भर्ना गर्ने नीति मेरो थियो। ज्वरो आएकोलाई पनि भर्ना लिने भनेर मैले डेक्यर खोलें" मायुमीले बताइन्।

मायुमीको डे क्यर २४ घन्टा खुला हुन्थ्यो। उनले केवल दश जना बालबालिकाहरूलाई भर्ना गराउन विज्ञापन निकालिन् तर ५०० आमाहरूले आफ्ना बालबालिकाहरूलाई राख्न अनुरोध गरे। यदि कोही बच्चा ज्वरोले सताएको छ भनेर उसलाई आफ्नै घरमा पठाइन्थ्यो तर त्यहाँ बच्चा हेर्ने धाइआमालाई पनि पठाइन्थ्यो।

तर जब मायुमीले अरू बालबालिकाहरूको सेवा गर्दै थिइन् आफ्नै घरमा उनलाई समस्या भएको थियो। उनको दुई छोरीहरू थिए र सानीचाहिँ चारक्लास भर्नाभएकी थिइन् तर स्कूलमा जान मानिनन्। सरकारी स्कुलमा गएकी छोरीले शिक्षिकाले उनलाई मूर्ख केटी भनेर पिटिन् भनेर गुनासो गरिन्। एक दिन सङ्गीत सिकाउने शिक्षिकाले पनि उनको टाउकोमा झ्यालीले हिर्काएकी थिइन्।

मायुमीले आफ्नी छोरीलाई त्यस स्कूलबाट निकालेर अर्कै स्कूलमा राख्न खोजिन्। आफ्नो घरको नजिक एडभेन्टिस्ट स्कुल उनले भेट्टाइन्।

"सरकारी स्कूलभन्दा एडभेन्टिस्ट स्कूल स्वर्ग जस्तो भएको मैले थाहा पाएँ। त्यहाँका शिक्षिकाहरू धेरै राम्रा थिए" मायुमीले सुनाइन्।

उनको छोरीले एडभेन्टिस्ट स्कूल तुरन्तै मनपराइन्। धेरै वर्षपछि छोरीले बप्तिस्मा लिइन्। अनि मायुमी, उनको श्रीमान र अर्को छोरीले पनि बप्तिस्मा लिए।

बप्तिस्मा लिएपछि मायुमीमा परिवर्तन आयो। उनी मोटी थिइन् तर दुब्ली र स्वस्थ भइन्। उनी सधैं हँसिली थिइन्। उनका साथी, आमाबाबु र पहिलाको डेक्यर सेन्टरका साथीहरूले पनि उनलाई के भयो भनेर सोध्न थाले। मायुमीले तिनीहरूलाई प्रभु येशूको बारेमा बहादुरीसाथ सुनाइन्। उनको प्रभावले उनले काम गरेको पहिलाको डे क्यरको ३० जना किशोर र किशोरीहरू आज एडभेन्टिस्ट स्कुलहरूमा अध्ययन गरिरहेका छन्।

"मैले चिनेका पहिलाका बालबालिकाहरू जब त्यस डेक्यर छोडेर हुर्केका थिए तिनीहरूलाई एडभेन्टिस्ट स्कूलमा जान सल्लाह दिएँ। धेरैले जान मञ्जुर गरे।" मायुमीले भनिन्।

पहिलेका डे क्यर सेन्टरका बालबालिकाहरू र तिनीहरूका बाबुआमा समेत गरेर चार वर्षभित्र ४५ जनाले बप्तिस्मा लिएका थिए।

आजभोलि मायुमीले टोकियोमा ठूलो डेक्यर सेन्टर खोलेकी छिन् र त्यहाँ ५० जना बच्चाबच्चीहरू छन्। तिनीहरू प्रायजसो इसाई परिवारका होइनन्। मानसिक रोगले पिडित बालबालिकारहरूलाई हेरचाह गर्ने नयाँ जीवनशैली अपनाउने संस्था खोल्ने कोशिश उनले गरिरहेकी छिन्।

हामी येशूका भक्त हौं भनेर कसरी अरूलाई प्रभाव पार्ने? मायुमी जस्तै भद्र र मिजासीलो भएर अरूलाई येशूको सन्देश सुनाऔं।

(लेखक: *आन्ड्रयु चेसनी*) *bit.ly/mother-to-hundreds* हेरेर मायुमीको बारेमा थाहा पाउनुहोस्)।

## जापानको बारेमा जानकारी:

-जापान युनियन कन्फरेन्सले पूर्वी जापान र पश्चिम जापान कन्फरेन्स र ओकिनावा मिसन समेटेको छ।

-जापानमा सतप्रतिशत मानिसहरू साक्षर छन्।